नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिनु

पाष्टरीय तालीम पुस्तिका

१

तालीम र वृद्धि

T&M ®

यस अध्ययनमा परमेश्वरको आशिषको निम्ति प्रार्थना गर्नोस्

प्रेरित १६:२२-३५ पढ्नोस्

☐ पढिसकेपछि खालि ठाउँमा दाग लाउनोस्

कुन अधिकारमा हामीले बप्तिस्मा दिन्छौं ?

सबै नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिनको लागि हाम्रा प्रभु येशू खीष्टले हामीलाई आज्ञा दिनुभएको छ ।

मत्ती २८:१८-२० अनुसार, कति अधिकारसँग प्रभु येशूले हामीलाई बप्तिस्मा दिने आज्ञा दिनुभयो ? (पदहरु पढ्नोस)

_____

_____

_____

पिता परमेश्वरले प्रभु येशूलाई स्वर्ग र पृथ्वीमा, विशेष गरी मण्डलीमाथि, अर्थात हामीमाथि सारा अधिकार दिनुभएको छ ।

प्रेममा हामी हाम्रो सर्वोच्च कमान्डर अनि राजाको आज्ञा पालन गर्दछौं ।

जब प्रेरितहरुले सुसमाचार बुझाए, तब उनीहरुले मानिसहरुलाई पश्चाताप गर्न, विश्वास गर्न अनि बप्तिस्मा लिन आव्हान गरे । यसकारण हामीहरु पनि प्रभुको आज्ञा र प्रेरितहरुको उदाहरण अनुसार बप्तिस्मा दिने काम गर्दछौं ।

कुनै पनि व्यक्तिले खीष्टमा विश्वास गर्दछ, उसका पापहरु क्षमा भएका छन् अनि उनी खीष्टसँग एक भएको छ भनेर बप्तिस्माले पक्का तुल्याउँछ ।

नोटः विभिन्न मण्डलीहरुले बप्तिस्माको निम्ति विभिन्न तरिकाहरु अप्नाउँछन् । तपाईको अवस्थाको लागि यो अध्ययनलाई ग्रहण गर्नोस् ।

कति मानिसहरुले पहिलेबाटै बप्तिस्मा पाएका हुन्छन्, तर पछिबाट उनीहरु प्रभुबाट टाडिन्छन् । जब उनीहरुले पश्चाताप र विश्वासमा आफ्ना भूल मानिलिन्छन्, हामीले उनीहरुलाई गलाती ६:१ मा भनेअनुसार नम्रतापूर्वक पुनर्स्थापित गर्नुपर्दछ ।

हामी किन बप्तिस्मा दिन्छौं ?

बप्तिस्माले त्यो व्यक्ति प्रभु येशू ख्रीष्टको हो भन्ने कुरालाई जोड दिन्छ । जब कुनै व्यक्तिले पश्चाताप अनि विश्वास गर्दछ, तब उसले के पाउँदछ भनी प्रेरित २:३८ ले बताएको छ ?

१. पा_____ क्ष_____

२. प_____ आ_____ को वरदान

ख्रीष्टमा विश्वास भएको घोषणा गर्नकै निम्ति कुनै पनि विश्वासीलाई बप्तिस्मा दिइन्छ ।

रोमी ६:१-५ अनुसार, बप्तिस्मामा हामी खीष्टसँग मर्छौं अनि बौरी उठ्दछौं । केको लेखि हामी मर्दछौं ? (पद २)

_____

खीष्टको मृत्यु र उहाँको पुनरुत्थानमा सहभागी हुनुको उद्देश्य के हो ? (पद ४)

_____

हामी कसलाई बप्तिस्मा दिन्छौं ?

प्रेरित २:३८-४१ अनि प्रेरित १०:४७-४८ मा हरेक पश्चातापी विश्वासीले बप्तिस्मा लिनुपर्छ भनी पत्रुसले आज्ञा दिएको पाउँदछौं । प्रेरित २:३८ अनुसार, बप्तिस्मा लिनलाई तिनीहरुले के के गरे ? _____

तपाईले अगुवाइ पाउनको निम्ति निम्न बाइबल पदहरु प्रयोग गर्नुहोस् ।

प्रेरित ८:१२
प्रेरित ८:२६-४०
प्रेरित ९:१७-१९
प्रेरित १०:२३-३८
प्रेरित १६:१३-१५
प्रेरित १६:३१-३४
ब्प्रेरित १९:१-७

हामीले एउटा नयाँ विश्वासीलाई कहिले बप्तिस्मा दिन्छौं ?

प्रेरित २:४१ अनुसार, एक नयाँ विश्वासीलाई कति चाँडो बप्तिस्मा दिएको पाइन्छ ?

_____

प्रेरित १६:२५-३५ पढ्नोस् । उनीहरुले कहिले बप्तिस्मा पाए ? (पद २५ सित ३३ तुलना गर्नोस)

_____

जस-जसले सन्देशलाई ग्रहण गरे त्यही दिन उनीहरुको बप्तिस्मा भएको थियो । प्रेरितहरुले मानिसहरुलाई सुसमाचार घोषणा गरे । अनि जो जतिले नयाँ जीवन पाए उनीहरुले बप्तिस्मा लिए ।

परिवर्तन भए पश्चात पावल तीन दिनसम्म आँखा नदेख्ने भएर अनि खाना पनि नखाएर रहेका थिए । प्रेरित ९:१७-१९ पढ्नोस् । कहिले पावलले बप्तिस्मा पाए, खाना खान शुरु गर्नुभन्दा अघि वा पछि ?

मानिसहरुले विश्वास गरे पश्चात प्रेरितहरुले ढिलो नगरीकन बप्तिस्मा दिने गर्दथे । उनीहरुले गरेको एउटै कुरो चाहिँ के थियो भने, सम्भव भएसम्म, उनीहरुले ती नयाँ विश्वासीहरुका परिवारलाई सुसमाचार बुझाइदिने काम गर्दथे । (प्रेरित १६:३१-३३)।

बाइबलअनुसार, नयाँ व्यक्तिहरुले विश्वास गरेपश्चात तुरन्तै बप्तिस्मा दिइन्थ्यो, उदाहरणको निम्ति कर्णेलियस अनि उसको परिवार (प्रेरित १०:२४-४८), अनि इथियोपियावासी (प्रेरित ८:२६-३९)।

बप्तिस्मा साधारणतया व्यक्तिको मन परिवर्तनको समयतिरै हुनु राम्रो हो। नयाँ विश्वासीले बप्तिस्मा सम्बन्धी लामा निर्देशनहरु पूरा गरुञ्जेल पर्खिररहनु पर्दैन। चेलापन प्रक्रिया पछिबाट पूरा गर्न सकिन्छ।

बप्तिस्माको निम्ति कसरी मानिसहरुलाई तयारी पार्ने ?

जब कुनै व्यक्तिले आफ्नो पापको निम्ति पश्चाताप गर्दछ अनि बौरी उठ्नुभएको प्रभु येशू ख्रीष्टमा विश्वास गर्दछ, तब त्यो व्यक्ति बप्तिस्माको निम्ति तयार भएको छ। उसको पाप शुद्ध भएको छ भनी बाइबलले उसलाई निश्चयता दिलाउँछ अनि उसको पापक्षमा भएको अनि ख्रीष्टमा उसको

विश्वास भएको साक्षी स्वरुप मण्डलीले उसलाई बप्तिस्मा दिन्छ। यसकारण बप्तिस्माका दुई स्वभावहरु छन्–

न्झाँ विश्वसीले र्गे क्र्तव्इ

- उसको पापको पश्चाताप गर्दछ। (प्रेरित २:३८)
- ख्रीष्टमा विश्वास गर्दछ (मर्कूस १:१५)

म्ण्डलीले र्गे क्र्तव्इ

- नयाँ विश्वासीलाई उसको पाप क्षमा भएको कुरा बुझाउँछ। (लूका २४:४५-४८)
- उसलाई बप्तिस्मा दिन्छ।
  (मत्ती २८:१८-२०, प्रेरित २:३८-४२)
- पवित्र आत्माको शक्तिद्वारा ख्रीष्टमा उसले विजयी जीवन जिउन सकून् भनी प्रार्थना गरिदिन्छ।
  (प्रेरित ८:१२-१७)

मण्डलीले उसलाई ख्रीष्टका सबै आज्ञाहरु पालन गर्न सिकाउँछ। (मत्ती २८:१८-२०)

बप्तिस्माले हामीलाई कससित एक बनाउँछ ?

बप्तिस्माले हामी प्रभु येशू खीष्टसित, अनि अरु सबै विश्वासीहरुसित एक भएको रहस्यलाई जोड दिन्छ। यो ता परमेश्वरमा विश्वास भएको कुराको साक्षी (मानिसहरुलाई पनि दिइएको) हो। जब फिलिपले इथियोपियावासीलाई बप्तिस्मा दिए, तब उनीहरु मण्डली र अरु विश्वासीहरुबाट टाडा थिए। फिलिप र त्यो इथियोपियावासी र उसका दासहरु मात्र उपस्थित थिए, तर उसको परिवर्तन र बप्तिस्माको समय उनी खीष्ट र अरु विश्वासीहरुसित एक भएका थिए। कलस्सी २:११-१३ अनुसार, विश्वास गरेर बप्तिस्माद्वारा हामी खीष्टसँग गाडिएका छौं अनि नयाँ जीवनमा उहाँसँगै व्युँतेका छौं। यसरी हामी उहाँसित, उहाँद्वारा, हरेक स्थानका सबै विश्वासीहरुसित एक भएका छौं।

परमेश्वरको वचनद्वारा हामी नयाँ विश्वासीले येशू ख्रीष्टमा उसले पापक्षमा र अनन्त उद्धार पाएको घोषणा गर्दछौं । प्रेरित १०:४३

बप्तिस्माद्वारा हामी ख्रीष्ट अनि उहाँको देह, मण्डलीसित उसको एकत्वलाई पक्का पार्दछौं । उसको हृदयमा शुरु भएको असल काम पूरा गर्नको निम्ति हामी परमेश्वरको आत्मामा भर पर्दछौं ।

हामी कहिले सिद्ध हुनेछौं ?

प्रेरितहरुको चलन अनुसार, नयाँ विश्वासीको निम्ति विश्वास र आज्ञाकारिताको पहिलो कदम बप्तिस्मा नै हो । त्यसपछि, असल पाष्टरीय वास्ता पाएर उनी मण्डलीभित्रै इसाई सिद्धतातर्फ बढ्दै जान थाल्छन् । एक इमान्दार विश्वासीले उनी पवित्र भएको कारणले होइन, तर उसले पश्चाताप गरेको अनि नयाँ जीवन जिउन थालेको कारण बप्तिस्मा लिन्छ । त्यसपछि उनी येशू ख्रीष्टको एक असल चेला भएर अघि बढ्न थाल्नेछन् । जसै पवित्र आत्माले हामीलाई झन् झन् ख्रीष्टको स्वरुपमा परिवर्तन गर्दै लानुहुन्छ पवित्रताको सिलसिला (शुद्ध बनाउने काम) भइरहन्छ ।



देहभित्र ख्रीष्टको जस्तो चरित्रमा वृद्धि हुनु

एउटा नयाँ जन्मेको बालकलाई हामीले दिनसक्ने जति सहयोगको खाँचो पर्दछ। भर्खरै परिवर्तित व्यक्तिलाई पनि यस्तै खाँचो पर्दछ। हामीले उसलाई खीष्ट र उहाँको मण्डलीसितको संगतिको आशिषमा समावेश गर्नुपर्दछ।

उसले बप्तिस्मा पाउने बित्तिकै हामीले उसलाई मण्डली र चेलापन कार्यक्रममा समावेश गरिहाल्छौं। तब उनी जीवनको परिपक्वता र पवित्रतामा बढ्न थाल्छन्।



भित्र प्रवेश गर्नु अघि, आफैलाई पवित्र पार्ने प्रयास।

बप्तिस्मा त हामी पापमा मरेको एउटा चिन्ह हो । *"यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा खीष्ट मरेकाहरुबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँडौं ।"* रोमी ६:४

येशूमा इमान्दारपूर्वक विश्वास गर्ने व्यक्तिलाई बप्तिस्मा दिँदैनौं भने हामी अनाज्ञाकारी बनेका छौं । खीष्टमा नयाँ गरी जन्मेकालाई बप्तिस्मा दिने काममा उपेक्षा गर्दछौं भने, उसमा हाम्रो वास्ता र भरोसाको कमी एउटा अल्झाउने ढुङ्गो बन्नेछ । उनीहरुले यही सोच्नेछन् कि विश्वासी बन्नको निम्ति शायद उसमा केही कमी भयो होला ।

अरु धेरै इमान्दार विश्वासीहरुलाई बप्तिस्मा नदिनु भन्दा एक दुइजना सम्भावित गलत ढङ्गका विश्वासीहरुको खतरा मोल्नु ठीक हुन्छ । उदाहरणको लागिः प्रेरितहरुले हननिया र सफिरा लगायत अरु कतिपय सम्भावित गलत ढङ्गका विश्वासीहरु होलान् भन्ने डरको कारण तीन हजारलाई यरुशलेममा बप्तिस्मा दिन इन्कार गरेनन् ।

एकजना नयाँ विश्वासीको आत्मिकी विकासको निम्ति अति मुख्य समय चाहिँ उसले बप्तिस्मा लिएपश्चात मण्डलीले ग्रहण गरेको प्रथम केही साताहरुको समय हो । यही समयमा उसले आफ्नो विश्वासको जग बसाल्ने, इसाई चरित्र निर्माण गर्ने अनि एक आज्ञाकारी चेलाको रुपमा अनुशासित हुने मौका पाउँछ ।

कसरी बप्तिस्मा दिनु ?

पानीद्वारा (तलका कुराहरुलाई जोड दिनका निम्ति)

- हाम्रा पापहरु धोइलगिएको बुझाउन (प्रेरित २२:१६)
- उहाँको मृत्यु र पुनरुत्थानमा खीष्टसित एकत्व भएको बुझाउन
- पवित्र आत्मा पाउन
- खीष्टको देह, मण्डलीमा गाभिन

पिता, पुत्र, अनि पवित्र आत्मा परमेश्वरको नाउँमा

- मत्ती २८:१९
- प्रेरित २:३८
- रोमी ६:१-१४
- १ कोरन्थी १२:१२-१३

नोटः बप्तिस्माको लागि तपाईको मण्डलीको नियम अनुसार मण्डलीको सम्बन्धित व्यक्तिसँग सल्लाह लिनोस् ।

सारांश जाँच

१ नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिन हामीलाई कसले आज्ञा गर्नुहुन्छ ?

_____

_____

_____

२ बप्तिस्माले कोसित हाम्रा एकत्व भएको जनाउँछ ?

- ☐ पास्टरसित
- ☐ खीष्टसित

३ केका निम्ति हामी बप्तिस्मा दिन्छौं:

- ☐ खीष्टको आज्ञा पालन गर्न अनि नयाँ विश्वासीहरुको खीष्टमा भएको विश्वास अनि उनीहरुको पाप क्षमादान भएको घोषणा गर्ने अवसर प्रदान गर्न
- ☐ विश्वासी परिपक्व भइसकेको छ भनेर देखाउन



अभ्यासको काम

- भर्खरै परिवर्तन भएका विश्वासीहरुको प्रार्थना गर्नोस्, ताकि उनीहरुले बप्तिस्मा पाऊन् अनि पवित्र आत्माले भरिऊन् ।

- तपाईका मण्डलीमा भएका नयाँ विश्वासीहरुको नाउँ लेख्नोस् जसहरुले बप्तिस्मा पाउनु पर्छ ।

- नयाँ विश्वासीका परिवारहरुलाई साक्षी दिनोस्, ताकि उनीहरु परिवर्तित होऊन् अनि सँगै बप्तिस्मा लिने मौका पाऊन् । तपाईले भेटघाट गर्नुहुने परिवारका सदस्यहरुको नाउँहरु लेख्नोस् । सारा परिवारलाई सुसमाचार सुनाउने क्रममा, नयाँ विश्वासीलाई बप्तिस्मा दिने काम गर्न नढिल्याउनु होस् जसले गर्दा उनी निरुत्साहित बन्नेछन् ।

- सारा परिवारलाई प्रभुमा जित्ने धुनमा एक नयाँ विश्वासीको बप्तिस्मालाई त्यति लामो गरी नलम्ब्याउनु होस् जसले उसलाई निरुत्साहित पार्दछ ।

- पश्चाताप गर्नेहरुलाई बप्तिस्मा दिनोस् अथवा दिने व्यवस्था मिलाइदिनोस् । कसैले बप्तिस्मा लिएको होला तर बरालिएर प्रभुदेखि टाडा भएकाहरुलाई उनीहरुले पश्चाताप र विश्वास गरेपछि तपाईको मण्डलीले गरि आएको चलन अनुसार उसलाई बगालमा फेरि ग्रहण गर्नोस् ।

- एउटा रजिस्टरमा मण्डलीका सदस्यहरुको नाउ लेख्नोस् (अथवा लेख्नलाई एक जना सचिव छान्नोस्)। हरेकको बप्तिस्माको मिति पनि लेखिराख्ने काम भएको होस् । यो सूचीलाई अप-ट-डेट राखिनुपर्दछ ।

- बप्तिस्मा पछि नयाँ विश्वासीलाई प्रभु भोजमा समावेश गर्नुपर्दछ ।

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

001NP01A-01